प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२६

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ६२०, मकवानपुरमा १४८, चितवनमा ७४, ललितपुरमा ३८, भक्तपुरमा ३५, काभ्रेपलान्चोकमा १३, सिन्धुलीमा ३, नुवाकोटमा ३, सिन्धुपाल्चोकमा २, रामेछापमा १ र धादिङमा १ गरी जम्मा ९३८ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी ( Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-५, कालोपुल निवासी ७० वर्षिय पुरुषको मिति २०७७ भाद्र २६ गते बिहान ३:०० बजे पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । ज्वरो, खोकी तथा श्वास प्रश्वासमा समस्या भई भाद्र २४ गते अस्पताल भर्ना भएका निजको सोही दिन कोरोना पुष्टी भएको थियो । उच्च रक्तचाप, मधुमेह तथा मृगौलाका बिरामी निज हिमाल अस्पतालबाट प्रेषण भई आएका थिए । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्र देशमा देशको कुल संक्रमणको २७ प्रतिशत (२७.०६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ५१९१९ (१००%) | १४०५३ (१००%) |
| निको भएको | ३६६७२ (७०.६%) | ६५३५ (४६.५%)* |
| उपचाररत | १४९२५ (२८.७%) | ७४२३ (५२.८%)* |
| मृत्यु भएको | ३२२ (०.७%) | ९५ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२६ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२६ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि(RDT), पी.सि.आर(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८७०४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५१० जना बस्दै आउनुभएको र १२९८ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३१९९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३३८४ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७९१८५ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | 1050 | 113 | 267 | 1347 | 2174 | 26466 | 620 | 8730 |
| ललितपुर | 371 | 31 | 80 | 289 | 208 | 2357 | 38 | 1094 |
| भक्तपुर | 105 | 6 | 165 | 321 | 128 | 6616 | 35 | 891 |
| रसुवा | 255 | 17 | 0 | 35 | 1 | 826 | | 20 |
| नुवाकोट | 953 | 72 | 44 | 40 | 23 | 4018 | 3 | 112 |
| धादिङ | 315 | 9 | 23 | 112 | 45 | 2903 | 1 | 289 |
| चितवन | 2465 | 64 | 468 | 355 | 547 | 15779 | 74 | 1194 |
| सिन्धुली | 392 | 7 | 4 | 43 | 3 | 2582 | 3 | 100 |
| मकवानपुर | 407 | 33 | 4 | 217 | 113 | 7165 | 148 | 955 |
| रामेछाप | 490 | 65 | 49 | 98 | 12 | 1329 | 1 | 107 |
| दोलखा | 203 | 19 | 4 | 27 | 8 | 2020 | | 93 |
| काभ्रेपलान्चोक | 909 | 51 | 89 | 259 | 119 | 3612 | 13 | 342 |
| सिन्धुपाल्चोक | 789 | 23 | 101 | 56 | 3 | 3512 | 2 | 126 |
| जम्मा | 8704 | 510 | 1298 | 3199 | 3384 | 79185 | 938 | 14053 |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रदेश प्रयोगशाला | २१८९३ | २७५ | ३८१ | १७२ जना: मकवानपुर-१४३, ओखलढुंगा-१, सिन्धुली-१, फलोअप-२७ | २०८ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | ३८५० | २४७ | १५६ | ९ जना: भक्तपुर-२, काभ्रे-२, सिन्धुली-१, फलोअप-४ | १४७ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२६

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२६

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा:http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठननेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई